# लुम्बिनी साँस्कृतिक नगरपालिका

रूपन्देही, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

| लुम्बिनी साँस्कृतिक नगरपालिका, रुपन्देहीद्वारा प्रकाशित | | |
|---|---|---|
| खण्डः ८ | संख्याः ११ | मितिः २०८१/११/२१ |


भाग-१

## लुम्बिनी साँस्कृतिक नगरपालिका

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा २ बमोजिम, लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम "**निजि जग्गाको माटो उत्खनन् तथा ओसारपसार सम्बन्धी कार्यविधि–२०७९, प्रथम संशोधन–२०८१**" सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

# निजी जग्गाको माटो उत्खनन तथा ओसारपसार सम्बन्धी कार्यविधि, २०७९ प्रथम संशोधन, २०८१

| बुँदा नं. | कार्यविधिमा रहेको विद्यमान व्यवस्था | संशोधन पछि भएको व्यवस्था | कार्यविधिमा थप दफा / उपदफा तथा अन्य थप |
|---|---|---|---|
| खण्ड १ को दफा २ मा संशोधन सम्बन्धमा | ख) सम्बन्धित वडाअध्यक्षले स्थलगत अवलोकन गरी साँधियारहरु समेतको उपस्थितिमा सर्जमिन गरी मुचुल्का तयार पारी मुचुल्कासहित नगरपालिकामा पठाउनुपर्नेछ।<br>ग) सम्बन्धित वडाको काम गर्ने जिम्मा पाएका नगरपालिका कार्यालयका प्राविधिक कर्मचारीले उत्खनन गर्न चाहेको वा उत्खनन हुनसक्ने परिणाम यकिन गरी सिफारिस गर्नुपर्नेछ। | ख. सम्बन्धित वडा कार्यालयको सचिव वा वडाअध्यक्षको रोहबरमा स्थलगत अवलोकन गरी साँधियारहरु समेतको उपस्थितिमा सर्जमिन गरी मुचुल्का तयार पारी मुचुल्कासहित नगरपालिकामा पठाउनुपर्नेछ। यस कार्यविधिमा अन्यत्र जुनसुकै कुराहरु लेखिएको भएता पनि माटोको ढुवानीका लागि ट्रक,टिप्पर,ट्र्याक्टरको प्रयोग गर्ने वा नगर्ने सम्बन्धमा सम्बन्धित वडाको सडकको अवस्था हेरी वडा कार्यालयले सिफारिस गरे बमोजिम हुनेछ।<br>ग. सम्बन्धित वडाको काम गर्ने जिम्मा पाएका नगरपालिका कार्यालयका प्राविधिक कर्मचारीहरु (इन्जिनियर, सब.इन्जिनियर, अ.स.इन्जिनियर तथा अमिन) ले उत्खनन गर्न चाहेको वा उत्खनन हुनसक्ने परिणाम एकिन गरी सिफारिस गर्नुपर्नेछ। | |
| दफा ३ मा उपदफा घ थप सम्बन्धमा | | | घ. उत्खनन् हुने जग्गा कुनै पनि बैंकमा रोक्का नरहेको र जग्गामा कुनै मुद्दा मामिला नरहेको स्वघोषणापत्र |

| बुँदा नं. | कार्यविधिमा रहेको विद्यमान व्यवस्था | संशोधन पछि भएको व्यवस्था | कार्यविधिमा थप दफा / उपदफा तथा अन्य थप |
|---|---|---|---|
| दफा ४ संशोधन र दफा ५ थप सम्बन्धमा | क. सार्वजनिक जग्गा,बस्ती,बाटो स्कूल,मन्दिर, नदी,ताल, पोखरी आदी क्षेत्रको ३०० मिटर वरपर तथा सार्वजनिक जग्गाबाट माटो उत्खनन गर्न पाइने छैन।<br>ग. मापदण्ड विपरीत कार्य गरेमा अनुगमन समितिले उत्खनन कार्यमा रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रण लिन सक्नेछ। | क. यस नगरपालिका अन्तर्गत ठूलो खोला,नदी (दानव,तेलार) क्षेत्रको २०० मिटर, घोलाबाट ५० मिटर, सार्वजनिक कुलोबाट १० मिटर, गाउको भित्रि बाटोबाट १० मिटर, बस्ती, मन्दिर,मस्जित, विद्यालय, मदरसाबाट ३० मिटर, ताल र पोखरीबाट ५० मिटर तथा सार्वजनिक जग्गाबाट उत्खनन् गर्न पाइनेछैन।उल्लेखित बमोजिमका क्षेत्रबाट उल्लेख गरीएको दुरी भित्र उत्खनन गर्नुपरेमा नगरपालिकाको अनुगमन समितिले सो क्षेत्रको स्थलगत अनुगमन गरी पर्यावरणीय तथा नदी सुरक्षाको दृष्टिले उत्खनन् गर्न दिन सकिने वा नसकिने विषयमा सिफारिस गरेपछि सकिने भएमा मात्र उत्खनन् अनुमति दिन सकिनेछ।<br>ग. मापदण्ड विपरीत कार्य गरेमा तथा स्वीकृत परिमाण भन्दा बढी उत्खनन गरेमा अनुगमन समितिले उत्खनन कार्यमा रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिई बढी उत्खनन् गरेको परिमाणको दोब्बर दस्तुर लिई पुनःउत्खनन् कार्य गर्न दिइनेछ। | खण्ड १ मा दफा ५ थप सम्बन्धमा<br>५. अनुगमन सम्बन्धी व्यवस्थाः<br>क. उपप्रमुख- संयोजक<br>ख. सम्बन्धित वडाको वडाअध्यक्ष- सदस्य<br>ग. सम्बन्धित वडा हेर्ने अ.सब.इ/सब.इ.- सदस्य<br>घ. राजश्व शाखा प्रमुख- सदस्य सचिव |

| बुँदा नं. | कार्यविधिमा रहेको विद्यमान व्यवस्था | संशोधन पछि भएको व्यवस्था | कार्यविधिमा थप दफा / उपदफा तथा अन्य थप |
|---|---|---|---|
| खण्ड २ को दफा ४ पोखरी निर्माण मापदण्डः | क. बस्ती, बाटो, स्कूल,मन्दिर नदी पोखरी आदिबाट ५०० मिटर वरिपरि क्षेत्र वरपर पोखरी खान्न पाईनेछैन।<br>ख. मापदण्ड विपरित कार्य गरेमा अनुगमन समितिले उत्खनन कार्यमा रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रणमा लिन सक्नेछ। | क. यस नगरपालिका अन्तर्गत ठूलो खोला,नदी (दानव,तेलार) क्षेत्रको २०० मिटर, घोलाबाट ५० मिटर, सार्वजनिक कुलोबाट १० मिटर, गाउको भित्रि बाटोबाट १० मिटर, बस्ती,मन्दिर,मस्जित, विद्यालय, मदरसाबाट ३० मिटर, ताल र पोखरीबाट ५० मिटर तथा सार्वजनिक जग्गाबाट उत्खनन् गर्न पाइनेछैन।उल्लेखित बमोजिमका क्षेत्रबाट उल्लेख गरीएको दुरी भित्र उत्खनन गर्नुपरेमा नगरपालिकाको अनुगमन समितिले सो क्षेत्रको स्थलगत अनुगमन गरी पर्यावरणीय तथा नदी सुरक्षाको दृष्टिले उत्खनन् गर्न दिन सकिने वा नसकिने विषयमा सिफारिस गरेपछि सकिने भएमा मात्र उत्खनन् अनुमति दिन सकिनेछ।<br>ख. मापदण्ड विपरित कार्य गरेमा तथा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् गरेमा अनुगमन समितिले उत्खनन् कार्यमा रोक लगाई उत्खनन् तथा ढुवानी कार्यमा प्रयोग भएका साधन नियन्त्रण लिई बढी उत्खनन् गरेको परिमाणको दोब्बर दस्तुर लिई पुनः उत्खनन् कार्य गर्न दिइनेछ। | |

| बुँदा नं. | कार्यविधिमा रहेको विद्यमान व्यवस्था | संशोधन पछि भएको व्यवस्था | कार्यविधिमा थप दफा / उपदफा तथा अन्य थप |
|---|---|---|---|
| खण्ड ४ को दफा १ मा ग थप सम्बन्धमा | | | ग. आफ्नो खेतबाट आफ्नै खेतमा माटो पटान गर्न कुनै शुल्क नलाग्ने, आफ्नो जग्गाबाट आफ्नै निर्माणधिन घर माटो ओसारपोसार गर्नका लागि जग्गा धनिले नक्सापास गर ाई घर बनाएमा पेश गरेको नक्सापासको कागजातको आधारमा कुनै शुल्क नलाग्ने तर नक्सा पास नगरेमा बाटो मर्मत सम्भार तथा पर्यावरण शुल्क प्रतिट्राली रु ६० र प्रति ट्रक ट्रिप्पर रु. १५० लाग्नेछ। साथै अन्य पालिकाबाट यस पालिकामा उत्खनन तथा ओसारपसार (आफ्नै जग्गाबाट आफ्नै जग्गा वा बिक्रि प्रयोजन) मा बाटो मर्मत सम्भार तथा पर्यावरण शुल्क प्रतिट्राली रु ६० र प्रति ट्रक,ट्रिप्पर रु. १५० लाग्नेछ। |

आज्ञाले
तारा ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत